प्रथम वार्षिक प्रतिवेदन

२०५७/२०५८

कुमारी बैंक लिमिटेड

KUMARI BANK LIMITED

विषय-सूची

पेज

१)	प्रथम वार्षिक साधारण सभाको वैठक बस्नेबारे सूचना	२
२)	साधारण सभा तथा सञ्चालक निर्वाचन सम्बन्धी सामान्य जानकारी	३
३)	सञ्चालक समिति	४
४)	सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन	५
५)	लेखा-परीक्षकको प्रतिवेदन	९
६)	वासलात	१०
७)	नाफा-नोक्सान हिसाव	११
८)	अनुसूचीहरू	१२
९)	नगद प्रवाह विवरण	१८
१०)	व्यवस्थापन समूह	१९

कुमारी बैंक लिमिटेडको
प्रथम बार्षिक साधारण सभाको बैठक बस्ने सूचना

यस बैंकको मिति २०५८।०९।१८ गतेका दिन बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार प्रथम बार्षिक साधारण सभाको बैठक आगामि २०५८ साल माघ ११ गते बिहिबारका दिन दिउसो ११:०० बजे काठमाण्डौ बौद्ध स्थित हायात रिजेन्सी होटलमा निम्न बिषयहरूउपर छलफल गर्न बस्ने भएकोले उक्त साधारण सभामा सम्पूर्ण शेयरधनी महानुभावहरू स्वयं वा रितपूर्वकको प्रतिनिधिद्वारा उपस्थित हुन अनुरोध गरिन्छ ।

छलफलका बिषयहरू :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन ।

२. लेखा परीक्षकको प्रतिवेदन सहित आ. व. २०५७०५८ को वासलात तथा नाफा-नोक्सान हिसाब ।

३. आर्थिक वर्ष २०५८।०५९ को लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. प्रवन्ध पत्र तथा नियमावली संशोधन बारे ।

५. "क" समूहका शेयरधनीहरूबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचन ।

६. सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयरधनीहरू र सञ्चालकहरूको तर्फबाट प्रतिनिधि नियुक्त गर्ने ।

७. विविध ।

कम्पनी सचिव

सञ्चालक समिति

नोट :

(क) बार्षिक साधारण सभामा छलफल हुने बिषयहरू सहितको सूचना शेयरधनी महानुभावहरूको ठेगानामा पठाइसकेको हुँदा कुनै शेयर धनी महानुभावहरूले उक्त सूचना नपाउनु भएमा यसै सूचनाको आधारमा साधारण सभाको बैठकमा उपस्थित हुन अनुरोध गरिन्छ ।

(ख) कुनै शेयरधनी महानुभावले सञ्चालक समितिको प्रतिवेदन, वासलात, प्रोक्सी फाराम समेत नपाउनु भएमा बैंकको प्रधान कार्यालयमा कार्यालय समयमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

(ग) अन्य जानकारीको लागि बैंकको प्रधान कार्यालयमा कार्यालय समयभित्रमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED

साधारण सभा तथा संचालक निर्वाचन सम्वन्धी सामान्य जानकारी

१. सम्पूर्ण शेयरधनी महानुभावहरुलाई शेयर लगतमा कायम रहेको सम्वन्धित ठेगानामा हिसाब सहितको वार्षिक प्रतिवेदन पुस्तिका पठाइने छ । सभामा भाग लिन पाल्नु हुने शेयरधनी महानुभावहरुले व्यक्तिगत पठाइएको सूचना साथ संलग्न प्रवेशपत्रका साथै शेयर प्रमाणपत्र र आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरीकता प्रमाणपत्र वा अन्य कुनै परिचय पत्र) सभा हुने दिन अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।

२. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तीकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका विहान १०:०० बजेदेखि १२:०० बजेसम्म मात्र खुल्ला रहने छ ।

३. सञ्चालक निर्वाचनको प्रयोजनका लागि बैंकको सञ्चालक समितिले सञ्चालक निर्वाचन निर्देशिका बनाई लागू गरेको हुँदा कुनै उम्मेदवारले उक्त निर्देशिकाको छायाँप्रति माग गरेमा निर्वाचन अधिकृत मार्फत उपलब्ध हुनेछ ।

४. प्रतिनिधिपत्र (Proxy) फाराम सभा शुरू हुने भनि तोकिएको समयभन्दा कम्तिमा ९६ घण्टा अगावै बैंकको केन्द्रीय कार्यालयमा दर्ता गराउनु पर्नेछ । तर एक प्रतिनिधिले बिक्री भएको शेयरको १५ प्रतिशत भन्दा बढी प्रोक्सी ल्याएको भएमा पनि निजले आफ्नो शेयरको अतिरिक्त १५ प्रतिशत भन्दा बढी मतदान गर्न पाउने छैन ।

५. कुनै शेयरधनीले एकभन्दा बढी शेयरधनीलाई प्रतिनिधि पत्र नियुक्त गरेको रहेछ भने बदर गरेको अवस्थामा बाहेक त्यस्ता दुवै प्रतिनिधि पत्र स्वत: खारेज हुनेछ ।

६. सभा शुरू हुनुभन्दा ९६ घण्टा अगावै प्रतिनिधिलाई दिएको अधिकार बदर गरेको लिखित सूचना बैंकको प्रधान कार्यालयमा प्राप्त नभएको वा सम्वन्धित शेयरवालाको मृत्यु भएको सूचना प्राप्त नभएको अवस्थामा पनि शेयरवालाको प्रतिनिधिले गरेको मतदान बदर हुने छैन । तर, सभामा सम्वन्धित शेयरधनी आफै उपस्थित हुन आएमा शेयरवालाले गरिदिएको प्रतिनिधि पत्र स्वत: बदर हुनेछ ।

७. निर्वाचन प्रयोजनका लागि तयार गरिएको मतदाता नामावली हेर्न र सार्न चाहेमा बिगार्न, केरमेट गर्न नपाउने गरी हेर्न वा सार्न पाइनेछ । मतदाता नामावलीमा कुनै शेयरधनीको नाम त्रुटि भएमा निर्वाचन कार्यक्रममा प्रकाशित म्याद भित्र शेयरधनीले त्रुटि सच्याउनका लागि आवेदन दिन सक्नेछ र निर्वाचन अधिकृतले शेयरवालाको दर्ता कितावसँग भिडाई त्रुटि भएको रहेछ भने सच्याई दिनेछ ।

८. सञ्चालक निर्वाचन सम्वन्धी विस्तृत विवरणहरू उल्लेख गरी बैंकको प्रधान कार्यालयमा निर्वाचन अधिकृतद्वारा निर्वाचन कार्यक्रम प्रकाशित हुनेछ ।

९. सञ्चालक पदको लागि उम्मेदवार हुन इच्छुक शेयरवालाले सञ्चालक निर्वाचन निर्देशिकाको अनुसूची २ को ढाँचाको मनोनयन पत्र भरी बैंकको शेयरवाला मध्ये एक जना प्रस्तावक र एक जना समर्थकको सही गरी निर्वाचन अधिकृतको कार्यालयमा तोकिएको दिन पेश गर्नु पर्नेछ ।

१०. बैंकले माग गरेको शेयर रकम चुक्ता गरेको, कम्पनी ऐन, २०५३ को दफा ७३ र बैंकको नियमावली अनुसार सञ्चालक हुन योग्य रहेको बैंकको शेयरधनी मात्र सञ्चालक पदको उम्मेदवार हुन पाउँछ ।

सञ्चालक समिति

१.	श्री नूर प्रताप ज.ब. राणा	अध्यक्ष
२.	श्री गोविन्द दास श्रेष्ठ	सञ्चालक
३.	श्री लक्ष्मण श्रेष्ठ	सञ्चालक
४.	श्री सन्तोष कुमार लामा	सञ्चालक
५.	श्री अमिर प्रताप ज.ब. राणा	सञ्चालक
६.	श्री महावीर प्रसाद गोयल	सञ्चालक
७.	श्री जगदीश चौधरी	सञ्चालक

कम्पनी सचिव

श्री नरेन्द्र गौतम
कुमारी बैंक लिमिटेड

लेखापरीक्षक

श्री प्रवीण ध्वज जोशी
प्रवीण जोशी एण्ड कम्पनी
चार्टर्ड एकाउन्टेन्टस्

प्रथम वार्षिक साधारण सभामा सञ्चालक समितिका तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरू,

कुमारी बैंक लिमिटेडको प्रथम वार्षिक साधारण सभामा यहाँहरू सबैलाई स्वागत गर्न पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ । यस अवसरमा म यहाँहरू सबैलाई हार्दिक स्वागत गर्दछु । साथै सञ्चालक समितिका मेरा मित्रहरूको तर्फबाट पनि म यहाँहरू सबैलाई यस सभामा हार्दिक स्वागत गर्दछु ।

अब म यहाँहरू समक्ष बैंकका विभिन्न गतिविधिहरू प्रस्तुत गर्दछु :

ग्राहकमुखी अवधारणा, विश्वस्तरीय सेवा प्रदान, पारदर्शिता एवं संस्थागत सुशासन जस्ता असल नीतिहरूको समष्टिगत कार्यान्वयन गरी एक विशुद्ध व्यवसायिक संस्कृतियुक्त सफल वित्तीय संस्थाको स्थापना गर्ने हेतुले यस विचारसँग समान धारणा राख्ने विभिन्न साथीहरूको सदिक्षाबाट २०५२ सालदेखि यस कुमारी बैंक लिमिटेडको स्थापनार्थ प्रयासको थालनी भएको हो । ५ वर्षको निरन्तर प्रयास एवं बिभिन्न आरोह अवरोह पश्चात् यस बैंकले स्थापनाको लागि मिति २०५७।१२।२१ देखि पूर्णता पाई देशको १५ औं वाणिज्य बैंकको रूपमा स्थापित भएको व्यहोरा म यहाँहरू सबैलाई अवगत गराउँदछु ।

कारोबारको पुनरावलोकन

यहाँहरूको बैंकले मिति २०५७।१२।२१ मा कारोबारको शुभारम्भ गरी आ.व. २०५७/०५८ मा कुल ३ महिना ११ दिन मात्र कारोबारमा संलग्न रह्यो । विगत केही समयदेखि सामाना गर्न परिरहेको आन्तरिक सुरक्षाको कारण देशको अर्थतन्त्र बिग्रिरहेको अवस्थामा यहाँहरूको बैंक स्थापित हुन पुगेको छ । बैंक स्थापनाको केही दिन भित्रै जेष्ठ १९ मा देशमा घटेको दुर्भाग्यपूर्ण घटनाले पनि बैंकको कारोबारमा स्वाभाविक असर पर्न गयो । यसका बावजुद यहाँहरूको बैंकले हासिल गरेका प्रमुख वित्तीय झलकहरू निम्न अनुसार छन् ।

(रु. दश लाखमा)

विवरण	२०५७/५८
कुल जेथा	३४९.८८
निक्षेप	३१६.१०
कर्जा, सापट तथा अधिविकर्ष	२६५.७३
ब्याज आम्दानी	६.३९
ब्याज खर्च	१.३२
खुद ब्याज आम्दानी	५.०७
अन्य आम्दानी	१.६०
अन्य खर्च	६.९५
कुल नाफा/(नोक्सान)	(०.२८)
खुद नाफा/(नोक्सान)	(२.९४)

निक्षेप

समिक्षा अवधिमा बैंकको कुल निक्षेप रु. ३१ करोड ६१ लाख पुगेको छ । जस मध्ये ब्याज भार बिहीन निक्षेपको अंश १५.४४ प्रतिशत छ भने बाँकी ८४.५६ प्रतिशत ब्याज भारित निक्षेप रहेको छ । यो निक्षेपको मिश्रणलाई हामीले सन्तोषजनक रूपमा लिएका छौं तापनि यसमा अझै सुधार गर्ने प्रयत्न जारी रहने छ ।

कर्जा, सापट तथा अधिविकर्ष

समिक्षा अवधिमा बैंकको कर्जा, सापट तथा अधिविकर्ष जम्मा रु. २६ करोड ५७ लाख पुगेको छ जुन कुल स्वदेशी मुद्रा निक्षेपको ८४.९० प्रतिशत रहेको छ ।

खुद ब्याज आम्दानी

समिक्षा अवधिमा बैंक कुल रु. ६३ लाख ८५ हजार ब्याज आर्जन गर्न सफल भएको छ । त्यसै गरी सोही अवधिमा रु. १३ लाख १६ हजार ब्याज खर्च भई रु. ५० लाख ६९ हजार खुद ब्याज आम्दानी प्राप्त हुन आएको छ ।

अन्य आम्दानी

समिक्षा अवधिमा आर्जित अन्य आम्दानीको रकम रु. १६ लाख १ हजार रहेको छ जुन कुल आम्दानीको २०.०५ प्रतिशत हुन आउँछ ।

अन्य खर्च

अन्य खर्च रु. ६९ लाख ४९ हजार मध्ये २९ लाख २५ हजार कर्मचारी खर्च रहेको छ भने बाँकी रु. ४० लाख २४ हजार अन्य सञ्चालन खर्च रहेको छ । यसमा कर्मचारी खर्चको अंश ४२.०९ प्रतिशत रहेको छ भने सञ्चालन खर्चको अंश ५७.९१ प्रतिशत हुन आउँछ ।

खुद नाफा/(नोक्सान)

बैंकले सञ्चालन पूर्व शेयरधनी साथीहरुबाट शेयर रकम विलम्ब चुक्ता बापत सङ्कलन गरेको ब्याज रकम रु. ४८ लाख ७० हजारलाई ब्याज आम्दानीमा समावेश गरिएको छैन र यसलाई प्रचलित मान्यता अनुसार पूर्व सञ्चालन खर्चमा घटाइएको छ । जसले गर्दा बैंकको कुल आम्दानी कम देखिन गई रु. २ लाख ७८ हजार कुल नोक्सान हुन गएको छ । नेपाल राष्ट्र बैंकद्वारा निर्देशित अनिवार्य व्यवस्था अनुसार सम्भावित कर्जा नोक्सानी बापत कुल बाँकी कर्जा रु. २६ करोड ५७ लाखको लागि रु. २६ लाख ५७ हजार सम्भावित नोक्सानी व्यवस्था गरिएको हुँदा खुद नोक्सान रु. २९ लाख ३५ हजार कायम हुन आएको छ ।

पूँजी कोष अनुपात

नेपाल राष्ट्र बैंकद्वारा तोकिएको न्यूनतम पूँजी कोषको अनुपातको तुलनामा बैंकको आषाढ मसान्त २०५८ को पूँजी कोषको मौज्दात निकै माथि अर्थात् ५५.३४ प्रतिशत रहेको छ ।

अर्थतन्त्र

उपलब्ध तथ्याङ्कहरू बिश्लेषण गर्दा चालु आर्थिक वर्षमा देशको कुल ग्राहस्थ उत्पादन २.५ प्रतिशत मात्र हुने प्रारम्भिक अनुमान गरिएको छ, जुन अघिल्लो आर्थिक वर्षको वृद्धिदरको तुलनामा ज्यादै न्यून हुन आउँछ ।

त्यसै गरी हालको औसत मुद्रास्फिति दर २.८ प्रतिशतको हाराहारीमा रहेको अनुमान गरिएको छ भने विदेशी मुद्रा सञ्चितिले १२ महिनाको आयात धान्न सक्ने अवस्था देखिएको छ । वाणिज्य बैंकहरुमा विगतमा ५ अर्बको हाराहारीमा रहेको अधिक तरलतामा सुधार भई गत असोजमा २ अर्ब ८० करोडमा झरेको छ ।

गत आर्थिक वर्ष पर्यटन क्षेत्रबाट हुने वैदेशिक आम्दानीमा ३६ करोड रुपैयाले प्रत्यक्ष रूपमा कमी आएकोमा यो वर्ष अरू कमी आउने अनुमान छ । तयारी पोशाकको निकासीमा पनि झण्डै ५० प्रतिशतले कमी आउने अनुमान गरिएको छ । चालु आर्थिक वर्षको प्रथम तीन महिनाको अवधिमा नेपालको निर्यात व्यापार अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा २८.४ प्रतिशतले ह्रास आएको जनाइएको छ, जुन विगत एक दशककै सर्वाधिक ह्रास मानिएको छ ।

पौष ५ गतेदेखि लागु हुने गरी नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकको अनिवार्य नगद मौज्दात (CRR) अनुपातमा एकदेखि सात एक प्रतिशत कटौती गरेको छ । CRR मा गरिएको यो कमीले १ अर्ब ९२ करोड थप लगानी योग्य स्रोत उपलब्ध हुने अनुमान छ ।

सेप्टेम्बर ११, २००१ मा अमेरिकी भवनहरुमा भएको आतङ्कारी हवाई आक्रमणको कारण यस वर्षको विश्व अर्थतन्त्रमा ज्यादै नकारात्मक असर पर्न थालेको छ । खास गरी पर्यटन उद्योग लगायत आयात तथा निर्यातमा यसबाट नराम्रो धक्का पुग्ने अनुमान छ ।

सार्क राष्ट्रहरू बीचको एक-आपसी सम्बन्ध खासगरी भारत-पाक सम्बन्ध खलबलिन थालेको वर्तमान परिप्रेक्ष्यमा यस क्षेत्रको अर्थतन्त्र समेत प्रभावित हुने अनुमान गरिएको छ । नेपाल-भारत वाणिज्य सन्धिको भविष्य हाल संघारमा अल्झिरहेको छ भने २०५८ जेष्ठमा नेपालले भोग्नु परेको दुर्भाग्यपूर्ण घटना तथा हाल देशमा लागु भएको सङ्कटकालीन अवस्थाको घोषणाको कारण पनि यस वर्षको राष्ट्रिय अर्थतन्त्र प्रभावित हुने निश्चित प्राय छ ।

चालु आ.व. को पुर्वानुमान

देशमा हाल १५ वटा वाणिज्य बैंकहरु अत्यन्त प्रतिस्पर्धाका साथ सञ्चालित छन् भने अरू केही थप हुने क्रममा छन् । यसले आगामी दिनमा प्रतिस्पर्धालाई अझ कठिन बनाउने छ । त्यसैले यसतर्फ हामी विशेष चनाखो रहनु पर्ने देखिन्छ ।

समाजका सबै वर्गका ग्राहकहरुको पहुँच यहाँहरुको बैंक समक्ष पुगोस् भन्ने चाहना स्वरूप मात्र रु. १,००० मा खाता खोल्न पाउने व्यवस्था गरिए अनुरूप सो व्यवस्था निकै फलदायी भएको महसुस गरिएको छ । जसले गर्दा चालु आ.व. २०५८/०५९ को मार्ग मसान्तसम्मको पाँच महिनाको अवधिसम्ममा यहाँहरुको बैंकले १८०० भन्दा बढी निक्षेपकर्ताहरुबाट करिब रु. ८८ करोड निक्षेप सङ्कलन गरेको छ भने सोही अवधि सम्ममा बैंकले रु. ६६ करोड

कर्जा प्रवाह गरिसकेको छ जुन कुल स्वदेशी मुद्रा निक्षेपको ७५.८५ प्रतिशत हुन आउंछ। त्यसै गरी सोही अवधिमा बैंकको कुल आम्दानी रकम रु. ३ करोड ६८ लाख छ भने कुल खर्च रु. ३ करोड १७ लाख र सञ्चालन मुनाफा रु. ५१ लाख पुगेको छ।

बैंक सञ्चालनदेखि हालसम्मको करिब ९ महिनाको अवधिमा यहाँहरुको बैंकले अन्य वाणिज्य बैंकहरु सरह प्राय: सबै प्रकारका सेवाहरूको शुरुवात गरिसकेको छ। आगामी दिनहरुमा क्रमिक रूपमा नयाँ एवं प्रभावकारी उत्पादनहरु ग्राहकहरु सामु पुर्‍याई बैंकको कारोवारलाई तिब्र पार्दै लैजाने क्रममा विभिन्न किसिमका Consumer Loan Scheme हरु कार्यान्वयनमा ल्याई सकिएको छ। यसको अलावा अन्य विभिन्न सेवाहरु क्रमिक रूपमा कार्यान्वयनमा आउने क्रममा छन्। यी विभिन्न कुराहरुको कारण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अर्थतन्त्रमा देखिएको प्रतिकूलताको बाबजुद यहाँहरुको बैंकले चालु आ.ब. मा आशातित सफलता प्राप्त गर्न सफल हुने विश्वास लिएका छौं।

प्रविधि

अत्याधुनिक प्रविधिहरुको प्रयोग एवं ग्राहकमुखी बैंकिङ्ग सेवा नै यहाँहरुको बैंकको प्रतिवद्धता भएअनुरुप सोही अनुसार ग्राहकहरु समक्ष सेवा प्रदान गर्न मद्दत पुगोस् भन्ने उद्देश्यले Globus नामक अत्याधुनिक Banking Software प्रयोगमा ल्याइएको व्यहोरा यहाँहरुलाई अवगत नै होला। यस Software को मद्दतबाट नै यहाँहरुको बैंकले Internet Banking सुविधा आफ्ना ग्राहक समक्ष पुर्‍याउन लागेको छ। नेपालमा Internet Banking जस्तो अत्याधुनिक सुविधा उपलब्ध गराउने पहिलो बैंकको रुपमा यहाँहरुको बैंक स्थापित भएको जानकारी दिन पाउँदा मलाई ज्यादै गौरब महसुस भएको छ। यसको साथै यहाँहरुको बैंकले छिट्टै नै Tele-Banking तथा Home Banking जस्ता सुविधाहरु समेत कार्यान्वयनमा ल्याउने कुरा म यहाँहरुलाई अवगत गराउंदछु।

हाम्रा ग्राहक वर्गको समयको महत्वलाई ध्यानमा राख्दै जुनसुकै समय र दिनमा पनि बैंकिङ्ग सुविधा उपलब्ध गराउने उद्देश्यले उपत्यकाका विभिन्न स्थानमा Automated Teller Machine राख्नको लागि आवश्यक प्रक्रिया अगाडि बढाइसकिएको छ। आगामी केही दिन भित्रै यो सुविधा ग्राहकवर्गलाई उपलब्ध हुनेछ।

SWIFT (Society of World wide Interbank Financial Tele-communication) अर्थात् विश्वव्यापी अन्तरबैंक वित्तीय दुरसञ्चार समाजको सदस्यता यहाँहरुको बैंकले प्राप्त गरिसकेको छ। आगामी मार्च ६ तारिखदेखि यस संस्था मार्फत् विश्वका जुनसुकै बैंकहरुसंग पनि विभिन्न सूचनाहरुको आदान-प्रदान सस्तो सुलभ र शिघ्र रूपमा गर्न सकिने छ।

कर्मचारी, तालिम तथा विकास

बैंकमा हाल बिभिन्न तहका गरी कुल ४६ जना कर्मचारीहरु कार्यरत छन्। जस मध्ये महिलाहरुको संख्या पनि उल्लेख्य अर्थात् २३ रहेको छ।

कर्मचारीहरुको मनोबल उच्च राख्न तथा कार्यदक्षतामा बृद्धि गर्नुको साथै उनीहरुको सीपलाई समय सापेक्ष गराउँदै लैजाने उद्देश्यले नियमित रूपमा विभिन्न किसिमका आन्तरिक तथा बाह्य तालिमको व्यवस्था गर्ने बैंकको नीति रहने छ। यसै अनुरुप हालसम्म ३-४ वटा आन्तरिक तालिम सम्पन्न भइसकेका छन् भने बाह्य स्रोत आमन्त्रण गरी २ वटा तालिम समेत प्रदान गरिसकिएको छ। भविष्यमा पनि यस्ता प्रकारका विभिन्न तालिमहरु सञ्चालन गराइनुका साथै तालिमको लागि कर्मचारीहरुलाई विदेशमा समेत पठाइने लक्ष्य राखिएको छ।

शाखा विस्तार

बैंकको कार्यक्षेत्रलाई फराकिलो पार्दै लाने हेतुले क्रमिक रुपमा शाखा विस्तार योजना कार्यान्वयनमा ल्याउने नीति बैंकले लिएको छ। यसै उद्देश्य अनुरुप चालु आ.ब. भित्रै काठमाडौं उपत्यका भित्र एक शहरी र एक ग्रामीण शाखा गरी दुई शाखाहरु खोल्ने लक्ष्य राखिएको छ। यसलाई मूर्तरूप दिनको लागि आवश्यक कार्य प्रारम्भ समेत गरिसकिएको छ।

शेयर निष्काशन

बैंकले आफ्नो प्रबन्ध पत्र तथा नियमावलीमा उल्लेख भए अनुसार सर्वसाधारणका लागि सुरक्षित राखेको ३० प्रतिशत बराबरको शेयर चालु आ.ब. भित्रमा बिक्री वितरण गरिसक्ने लक्ष्य राखी सो अनुसारको कार्यहरु अगाडि बढाइएको छ।

संस्थापक शेयरधनी तथा सञ्चालक समिति

बैंक स्थापनाको लागि आफूले कबुल गरेको शेयर पूँजीको रकम मध्ये केही व्यक्तिहरुले रकम चुक्ता गर्न असमर्थता व्यक्त गरी उक्त रकम बैंकले आफ्नो अधिनमा लिई अरु कसैलाई वितरण गरेमा कुनै फरक नपर्ने व्यहोराको लिखित निवेदन दिएको हुँदा उक्त शेयर रकम बैंकले आफ्नो अधिनमा लिई शेयर खरिद गर्न इच्छुक भई आवेदन दिनुहुने विभिन्न ११७ जना नयाँ व्यक्तिहरुलाई उक्त

शेयर रकम वितरण गर्न सञ्चालक समितिको बैठकले अनुमोदन गरेको हुँदा सम्बन्धित निकायको स्वीकृति लिई सो कार्य सम्पन्न गरिएको छ ।

बैंकका सञ्चालक श्री कर्णध्वज अधिकारी, श्री लवराज शर्मा, श्री आमोद अर्याल, डा. श्री वेद प्रकाश उप्रेती तथा श्री फुर्वा वाङ्देल लामाज्यूले सञ्चालक समितिको आ-आफ्नो पदबाट विभिन्न मितिमा स्वेच्छिक अवकाश लिनुभएको छ । उहाँहरुको स्थानमा श्री गोविन्द दास श्रेष्ठ, श्री अमीर प्रताप राणा, श्री महावीर प्रसाद गोयल तथा श्री जगदिश प्रसाद चौधरीज्यू नियुक्त हुनुभएको छ । श्री अधिकारी, श्री शर्मा, श्री अर्याल, डा. उप्रेती तथा श्री लामाज्यूले आ-आफ्नो कार्यकालमा बैंकको सेवा तथा उन्नतिको लागि पुऱ्याउनु भएको योगदान प्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

उपसंहार

सञ्चालक समितिका मेरा सहकर्मी मित्रहरू तथा शेयरधनी साथीहरुले यस बैंक प्रति देखाउनु भएको अभिरुची तथा समय समयमा दिनुभएको अमूल्य सुझाव तथा सरसल्लाह तथा सहयोग प्रति, जुन विना बैंकको स्थापना सम्भव थिएन, हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । साथै सञ्चालक समितिको तर्फबाट श्री ५ को सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक तथा कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका अन्य सरकारी निकायबाट निरन्तर रूपमा प्राप्त भएका सुझाव सल्लाह, निर्देशन तथा सहयोगको लागि हार्दिक कृतज्ञता तथा आभार प्रकट गर्न चाहन्छु । यस बैंकको सफलताको लागि आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउनु हुने ग्राहक महानुभाव तथा बैंकका अन्य सबै शुभचिन्तकहरू प्रति पनि हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

अन्त्यमा बैंकको सफलताको लागि मेरुदण्डको रूपमा रहनुभएका सम्पूर्ण कर्मचारी वर्ग, जसको अथक प्रयास तथा निष्ठापूर्ण मेहेनतबाट नै बैंक आजको यस अवस्थासम्म आइपुग्न सफल भएको छ, उहाँहरुप्रति पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

भवदीय,

सञ्चालक समितिको तर्फबाट
नूर प्रताप ज.ब. राणा
अध्यक्ष

Prabin Joshi & Co.
Chartered Accountants

Address:
Chha 1/823 Maharajgunj, Ring Road
Kathmandu, Nepal
Tel: 410959, 422766

कुमारी बैंक लिमिटेडका शेयरधनी महानुभावहरू समक्ष लेखापरीक्षकको प्रतिवेदन

हामीले यसैसाथ संलग्न कुमारी बैंक लिमिटेड, काठमाण्डौं नेपालको असार ३१, २०५८ (१५ जुलाई, २००१ को बासलात तथा सोही मितिमा समाप्त बर्षको नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरणको लेखा परीक्षण सम्पन्न गरी देहाय बमोजिम प्रतिवेदन पेश गरेका छौं :

१. हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानी सोधनी तथा कैफियत तलब गरेको सम्पूर्ण कुराहरूको जवाफ एवं स्पष्टिकरण सन्तोषजनक पायौं ।

२. हाम्रो रायमा हामीले निरीक्षण गरे अनुसार बैंकले हिसाब किताबहरू प्रचलित कानूनले निर्दिष्ट गरे अनुसार राखेको देखिन्छ ।

३. यसैसाथ संलग्न बासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण बैंकले राखेको हिसाब किताबसँग दुरुस्त छ ।

४. हाम्रो विचारमा हामीलाई प्राप्त सूचना तथा उपलब्ध गराइएको जानकारीहरूको आधारमा एवं यसै साथ संलग्न टिप्पणीहरूका साथ अध्ययन गर्दा लेखा सम्बन्धी टिप्पणीको दफा छ (इ) मा उल्लेखित बाहेक, (जसको बारेमा हामी आफ्नो राय दिन असमर्थ छौं) :

   क) बासलातले बैंकको असार ३१, २०५८ (जुलाइ १५, २००१) को आर्थिक अवस्था,

   ख) नाफा नोक्सान हिसाबले उक्त मितिमा समाप्त बर्षको नोक्सान, तथा नगद प्रवाह बिवरणले उक्त मितिमा समाप्त बर्षको नगद प्रवाहको उचित तथा यथार्थ चित्रण गर्दछ ।

५. हाम्रो बिचारमा हामीले प्राप्त गरेको सूचना एवं हामीलाई उपलब्ध गराइएको स्पष्टिकरण तथा बैंकको हिसाब किताबको परीक्षणको सिलसिलामा सञ्चालक समिति वा कुनै सञ्चालक वा कुनै कर्मचारीले कानूनको व्यवस्था विरुद्ध कामकाज गरेको वा बैंकलाई हानी नोक्सानी गरेको वा बैंकको कोषको हिनामिना गरेको वा नेपाल राष्ट्र बैंकको निर्देशनको उल्लंघन गरेको तथा यसका निक्षेपकर्ताहरूको हित वा सुरक्षा जोखिममा पर्ने गरी काम गरेको हाम्रो जानकारीमा आएन ।

६. हामीलाई प्राप्त बहि खाताहरूको अध्ययन गर्दा हामीलाई लाग्दछ कि :

   - बैंकले कर्जा बापत सम्भाबित हानी नोक्सानीको लागि पर्याप्त व्यवस्था गरेको छ र
   - नयाँ सञ्चालित बैंकको परिप्रेक्ष्यमा बैंकले गरेको कारोबारहरू संतोषजनक र आफ्नो अधिकार क्षेत्र भित्र रहि गरेको पाइएको छ ।

मिति : मार्ग २६, २०५८
स्थान : काठमाडौं ।

प्रवीण ध्वज जोशी
प्रवीण जोशी एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED

कुमारी बैंक लिमिटेड

३१ आषाढ २०५८ को वासलात

पूँजी तथा दायित्व	रु.	रकम रु.
१. शेयर पूँजी		
१.१ अधिकृत पूँजी १०,०००,००० कित्ता शेयरको प्रति शेयर रु. १००/- का दरले		१,०००,०००,०००
१.२ जारी पूँजी ३५,००,००० कित्ता शेयरको प्रति शेयर रु. १००/- का दरले		३५०,०००,०००
१.३ चुक्ता पूँजी ३५,००,००० कित्ता शेयरको प्रति शेयर रु. १००/- का दरले		३५०,०००,०००
२. जगेडा कोष		१५३,२०४
२.१ साधारण जगेडा	-	
२.२ शेयर प्रिमियम	-	
२.३ अन्य जगेडाहरू (अनुसूची क)	१५३,२०४	
३. अन्य बैंक तथा संस्थाहरूबाट प्राप्त कर्जा र सापटी		-
३.१ स्वदेशी		
३.१.१ नेपाल राष्ट्र बैंक	-	
३.१.२ अन्य	-	
३.२ विदेशी	-	
४. निक्षेप (अनुसूची ख)		३१६,७९८,३२७
क) चल्ती	३३,३४१,५३५	
ख) बचत	१४१,४२५,०६०	
ग) मुद्दती	१२२,८२१,०००	
घ) अन्य	-	
ङ) मार्जिन	११,४७९,१३२	
५. भुक्तानी दिनुपर्ने बिलहरू		१,००८,६४१
६. संकलनका लागि प्राप्त बिलहरू		-
७. अन्य दायित्व (अनुसूची ग)		४,३२७,४५०
८. शाखा हिसाब मिलान		-
९. ग्राहक मञ्जुरी दायित्व (प्रति समान)		-
१०. नाफा नोक्सान हिसाब		-
जम्मा दायित्व		६७१,६२२,३९२

सम्पत्ति तथा जायजेथा	रु.	रकम रु.
१. नगद मौज्दात		१९,०६८,४९६
१.१ स्वदेशी मुद्रा	१५,५१३,९३३	
१.२ विदेशी मुद्रा	३,२६०,६२८	
१.३ निक्षेपिकामा पठाएको चेक	२९३,९३५	
२. बैंक मौज्दात		१५३,४४२,१७१
२.१ नेपाल राष्ट्र बैंक	८६,०३९,८३९	
२.२ अन्य स्थानीय बैंक	३७,३४२,८४४	
२.३ विदेशी बैंकहरू	३०,०५९,४८८	
३. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम		१६०,०००,०००
४. लगानी (परल मोलमा)		१९,७१६,१८०
४.१ श्री ५ को सरकारको सुरक्षण		
४.१.१ ट्रेजरी बिल्स	१९,७१६,१८०	
४.१.२ विकास ऋणपत्र	-	
४.२ एनसीएम म्युचुअल फण्ड	-	
४.३ कम्पनीको शेयर	-	
४.४ डिबेन्चर तथा बण्ड	-	
४.५ सहायक कम्पनीका शेयरहरू	-	
४.६ अन्य	-	
५. खरीद तथा डिस्काउन्ट गरिएका बिलहरू		१,६४२,३१५
५.१ स्वदेशी	-	
५.२ विदेशी	१,६४२,३१५	
६. कर्जा सापट तथा अधिविकर्ष		२६४,०९९,२१२
६.१ स्वदेशी	२६४,०९९,२१२	
६.२ विदेशी	-	
७. भुक्तानी पाउनु पर्ने बिलहरू		-
८. स्थिर सम्पत्ति (अनुसूची घ)		४०,४८५,०९६
९. अन्य सम्पत्ति (अनुसूची ङ)		७,४११,६६२
१०. अपलेखन हुन बाँकी खर्च		२२,७६८,८१४
११. गैह्र बैंकिङ सम्पत्ति		-
१२. शाखा हिसाब मिलान		-
१३. ग्राहक मञ्जुरी हिसाब मिलान		-
१४. नाफा नोक्सान हिसाब		२,९३५,६४६
जम्मा सम्पत्ति तथा जायजेथा		६७१,६२२,३९२

सम्भावित दायित्वहरू

	रकम रु.
१. जारी गरिएको प्रतीत पत्र	१३५,८२१,२४५
२. जारी गरिएको जमानत	१४,६०३,०२४
३. अग्रिम विनिमय सम्झौता	९९,३३०,५२९
जम्मा सम्भावित दायित्व	२४९,८४२,६५८

अनुसूची "क" देखि "ट" सम्म यसका अभिन्न अङ्ग हुन्।
मिति : मार्ग २६, २०५८
स्थान : काठमाडौं

आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

द.	द.	द.	द.	द.	द.
गोरखनाथ दुङ्गाना	सुरेन्द्र भण्डारी	गोविन्द दास श्रेष्ठ	अर्जुन प्रताप ज.ब.रा.	नूर प्रताप ज.ब. राणा	प्रवीण ध्वज जोशी
प्रबन्धक - सञ्चालन	प्रमुख कार्यकारी अधिकृत	लक्ष्मण श्रेष्ठ	महावीर प्रसाद गोयल	अध्यक्ष	प्रवीण जोशी एण्ड कम्पनी
		सन्तोष कुमार लामा	जगदीश चौधरी		चार्टर्ड एकाउन्टेन्ट्स
		सञ्चालक	सञ्चालक		

कुमारी बैंक लिमिटेड

नाफा-नोक्सान हिसाब

चैत्र २१, २०५७ देखि आषाढ ३१, २०५८ सम्मको

खर्च	रु.	रकम रु.	आम्दानी	रु.	रकम रु.
१ ब्याज		१,४७५,५९२	१ ब्याज (अनुसूची ज)		६,३५८,६३४
क) निक्षेप दायित्व (अनुसूची ख)	१,४३०,९९४		क) कर्जा, सापट तथा अधिविकर्ष	१,८९२,०७५	
ख) कर्जा सापट	४४,५९८		ख) सरकारी सुरक्षणमा लगानी	१५,८४१	
२ कर्मचारी खर्च		२,९२४,९८३	ग) डिबेन्चरमा लगानी	-	
क) तलब, भत्ता	२,५४२,३६३		घ) अन्य	४,४४६,६९०	
ख) सञ्चय कोषमा थप	१७१,८२५		२ कमिशन तथा डिस्काउण्ट		३१४,०७८
ग) अन्य कर्मचारी खर्च तथा तालिम	२१०,७९४		क) बिल्स खरीद तथा डिस्काउण्ट	-	
३ सञ्चालन खर्च (अनुसूची ए)		४,०९३,४६५	ख) कमिशन (अनुसूची ऋ)	३१४,०७८	
४ विदेशी मुद्रा विनिमय नोक्सानी		-	ग) अन्य	-	
५ गैह्र सञ्चालन खर्च		-	३ लाभांश		-
६ कर्मचारी बोनस व्यवस्था		-	क) अन्य कम्पनीको शेयरमा लगानी	-	
७ सम्भाव्य कर्जा नोक्सानी व्यवस्था		२,६२०,३३३	ख) सहायक कम्पनीको शेयरमा लगानी	-	
८ आयकर व्यवस्था		-	४ विदेशी विनिमय आय		८२३,९१९
९ खुद मुनाफा तल सारेको		-	क) विदेशी मुद्रा बिक्रीबाट आम्दानी	४२१,११७	
			ख) पुनर्मूल्यन आम्दानी (नोक्सानी)	४०२,८०२	
			५ अन्य आय		-
			६ गैह्र सञ्चालन आय		११३,२४१
			क) सम्पत्ति बिक्रीबाट खुद आय	-	
			ख) गैह्र बैंकिङ सम्पत्ति बिक्रीबाट खुद आय	-	
			ग) नेपाल राष्ट्र बैंकबाट प्राप्त मर्दुनिमत	-	
			घ) अन्य	११३,२४१	
			७ खुद नोक्सान		२,९३५,६४६
कुल खर्च		१०,९२९,४७४	कुल आम्दानी		१०,९२९,४७४

नाफा नोक्सान बाँडफाँड हिसाब

१ खुद नोक्सान तल सारेको		२,९३५,६४६	१ वासलातमा सारेको		२,९३५,६४६
जम्मा		२,९३५,६४६	जम्मा		२,९३५,६४६

अनुसूची 'क' देखि 'ट' सम्म यसका अभिन्न अङ्ग हुन्।
मिति : कार्त २६, २०५८
स्थान : काठमाडौं

आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

ह.	ह.	ह.	ह.	ह.	ह.
गेहनाथ ढुङ्गाना प्रबन्धक - सञ्चालन	सुरेन्द्र भण्डारी प्रमुख कार्यकारी अधिकृत	गोविन्द दास श्रेष्ठ लक्ष्मण श्रेष्ठ सन्तोष कुमार लामा सञ्चालक	अमीर प्रताप ज.ब.रा. महावीर प्रसाद गोयल जगदीश चौधरी सञ्चालक	नूर प्रताप ज.ब. राणा अध्यक्ष	प्रवीण ध्वज जोशी प्रवीण जोशी एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्टस्

अनुसूची क : अन्य जगेडा

विवरण	रकम रु.
१. विदेशी मुद्रा विनिमय घटबढ कोष	१५७,५७४
२. सामान्य जगेडा	–
३. कर्मचारी उपदान कोष	–
जम्मा	१५७,५७४

अनुसूची ख : निक्षेप दायित्व

विवरण		रकम रु.
१. ब्याज तिर्नु नपर्ने		
क) चल्ती		३७,३४१,५३५
- विदेशी मुद्रा	१,१६९,६३३	
- स्वदेशी मुद्रा	३६,१७१,९०२	
ख) मार्जिन		११,४७१,१३२
- विदेशी मुद्रा	–	
- स्वदेशी मुद्रा	११,४७१,१३२	
ग) अन्य		–
- विदेशी मुद्रा	–	
- स्वदेशी मुद्रा	–	
२. ब्याज तिर्नु पर्ने		
क) बचत		१४१,४३५,०६०
- विदेशी मुद्रा	१,९१४,८३५	
- स्वदेशी मुद्रा	७३,४८३,१७१	
- कल डिपोजिट	६६,०३७,०५४	
ख) मुद्दती		१२५,८५१,०००
- विदेशी मुद्रा	–	
- स्वदेशी मुद्रा	१२५,८५१,०००	
जम्मा		३१६,०९८,७२७

अनुसूची ग : अन्य दायित्व

विवरण	रकम रु.
१. निक्षेपमा तिर्नु पर्ने ब्याज	७२२,५६१
२. तिर्न बाँकी खर्चहरु	१०३,७५०
३. शेयरधनीहरुलाई तिर्न बाँकी	१८४,९६५
४. कर्मचारी बोनस	–
५. निक्षेप ब्याजमा तिर्नुपर्ने कर	–
६. सम्भाव्य आयकर व्यवस्था	–
७. सम्भाव्य नोक्सानी व्यवस्था	२,६५७,३३५
८. अन्य तिर्नु पर्ने	६८८,८३९
जम्मा	४,३५७,४५०

अनुसूची घ : स्थिर सम्पत्तिको विवरण

विवरण	घर तथा जग्गा	फर्निचर, कार्यालय सामान तथा अन्य	सवारी साधन	जम्मा रु.
१. परल मूल्य				
(क) गत वर्ष सम्मको	–	–	–	
(ख) यस वर्षको थप	–	२८,१६२,८८९	७,०००,९०९	३५,१६३,७९८
(ग) यस वर्ष अपलेखन	–	–	–	
कुल परल मूल्य	–	२८,१६२,८८९	७,०००,९०९	३५,१६३,७९८
२. ह्रास कट्टी र परिशोधन				
(क) गत वर्ष सम्मको	–	–	–	
(ख) यस वर्ष थप	–	२८०,८०४	२५३,९७६	५३४,७८०
(ग) यस वर्ष अपलेखन	–	–	–	
कुल ह्रास कट्टा तथा अपलेखन	–	२८०,८०४	२५३,९७६	५३४,७८०
३. बाँकी मूल्य (१-२)	–	२७,८८२,०८५	६,७४६,९३३	३४,६२९,०१८
४. निर्माणाधीन सम्पत्ति				
(क) गत वर्ष	–	–	–	
(ख) यस वर्ष थप	–	५,८५६,०७८	–	५,८५६,०७८
(ग) सम्बन्धित सम्पत्ति शीर्षकमा सारिएको	–	–	–	
५. जम्मा बाँकी मूल्य (३+४)	–	३३,७३८,१६३	६,७४६,९३३	४०,४८५,०९६

अनुसूची ङ : अन्य सम्पत्ति

विवरण		रकम रु.
१. लिनुपर्ने ब्याज		१,७५८,७७४
क) ट्रेजरी बिल्स	१५,८४९	
ख) विकास ऋण पत्र	–	
ग) कर्जा तथा सापट	१,४११,४९१	
घ) प्लेसमेन्ट	३३१,४३४	
२. घरजग्गा बहाल पेश्की		५,८८२
३. मसलन्द मौज्दात		८१४,८६६
४. अग्रिम कर्पोरेट आयकर भुक्तानी		५९३,५७०
५. अन्य अग्रिम कर		–
६. अग्रिम खर्चहरु		३३९,५५७
७. भुक्तानी पाउनु पर्ने (बैंक)		–
८. अन्य भुक्तानी पाउनु पर्ने		३,९१९,०१३
जम्मा		७,४३१,६६२

अनुसूची च : निक्षेप दायित्वमा ब्याज खर्च

विवरण	रकम रु.
१. मुद्दती खाता (विदेशी मुद्रा)	–
२. मुद्दती खाता (स्वदेशी मुद्रा)	३७७,९७४
३. बचत खाता (विदेशी मुद्रा)	१,८४६
४. बचत खाता (स्वदेशी मुद्रा)	४११,२२९
५. कल डिपोजिट	४७९,९४५
जम्मा	१,२७०,९९४

अनुसूची छ : कार्यालय सञ्चालन खर्च

विवरण		रकम रु.
१. बैंक घर भाडा		७९६,३९४
२. मर्मत सम्भार तथा बिजुली पानी		८३,१६२
३. भ्रमण		११,२५१
४. परिवहन		७८,५९३
५. मनोरञ्जन तथा व्यवसाय प्रवर्द्धन		५१,८९८
६. सञ्चार (डांक टेलिफोन, टेलेक्स)		११९७,१८६
७. मसलन्द		२८१,४८०
८. ह्रासकट्टी		५३४,७८०
९. पूर्व सञ्चालन अपलेखन		९८१,२११
१०. लिज होल्ड परिशोधन		३७२,३२०
११. प्रोफेशनल सेवा		२६४,०००
१२. अडिट फी		३०,०००
१३. बिमा		७१,९३४
१४. विज्ञापन		१२८,९७७
१५. फी तथा कमिशन		–
१६. सञ्चालक समिति बैठक भत्ता तथा खर्च		३६,०००
क) बैठक भत्ता	३६,०००	
ख) अन्य खर्च	–	
१७. अन्य खर्चहरु (सन्ड्रीज)		१०४,३७९
जम्मा		४,०२३,५६५

अनुसूची ज : ब्याज आम्दानी

विवरण		रकम रु.
१. कर्जा, सापट तथा अधिविकर्ष		१,८१२,०९५
२. सरकारी सुरक्षणमा लगानी		१५,८४९
३. प्लेसमेन्ट		४,५५६,६९०
क) विदेशी मुद्रा	–	
ख) स्वदेशी मुद्रा	४,५५६,६९०	
जम्मा		६,३८४,६३४

अनुसूची झ : कमिशन आम्दानी

विवरण	रकम रु.
१. प्रतीत पत्र	२७५,११८
२. जमानत पत्र	२२८,८५८
३. कलेक्शन	–
४. विप्रेषण	१०,०५२
जम्मा	५१४,०२८

अनुसूची ञ :

विवरण	रकम रु.
१. वर्षभरिमा दिएको कर्जा सापट मध्ये	–
क) बैंकको कुनै सञ्चालक जमानी वा मेनेजिङ एजेन्ट वा शेयरहोल्डर भएको फर्म कम्पनी	–
ख) सञ्चालकको नातेदारलाई	–
२. क) बुँदा १(क) को बाँकी	–
ख) बुँदा १(ख) को बाँकी	–
जम्मा	–

अपलेखन गर्न बाँकी खर्च

	विवरण	लीज होल्ड	पूर्व सञ्चालन	जम्मा रु.
१.	**परल मूल्य**			
	(क) गत वर्ष सम्मको	–	–	
	(ख) यस वर्ष थप	६,६३५,४१६	१७,४८६,९३०	२४,१२२,३४६
	(ग) यस वर्ष अपलेखन	–	–	
	कुल परल मूल्य	६,६३५,४१६	१७,४८६,९३०	२४,१२२,३४६
२.	**परिशोधन**			
	(क) गत वर्ष सम्मको	–	–	
	(ख) यस वर्ष थप	३७२,३२०	९८१,२११	१,३५३,५३२
	(ग) यस वर्ष अपलेखन	–	–	
	कुल परिशोधन	३७२,३२०	९८१,२११	१,३५३,५३२
३.	बाँकी मूल्य (१-२)	६,२६३,०९६	१६,५०५,७१९	२२,७६८,८१४

अनुसूची ट : आर्थिक विवरण सम्बन्धी टिप्पणीहरू

आर्थिक वर्ष - २०५७/०५८

१. **महत्त्वपूर्ण लेखा सम्बन्धी नीतिहरू**

आर्थिक विवरणहरू लेखाका सर्वमान्य सिद्धान्त तथा नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार तयार पारिएका छन्। अवलम्वन गरिएका प्रमुख नीतिहरू निम्नानुसार छन्।

क) **व्याज गणना गर्ने तरिका**

निक्षेपमा दिइने व्याज र कर्जामा लिइने व्याज ३६५ दिनलाई १ वर्षको आधार मानी गणना गरिएको छ।

ख) **लेखाङ्न आधार**

अ) **व्याज आय/व्यय**

- निक्षेप दायित्वमा तिर्नुपर्ने व्याज आर्जनको आधार (Accrual Basis) मा गणना गरिएको छ।
- कर्जा तथा सापटमा पाकेको व्याज आर्जनको आधारमा आंकलन गरिएको छ। तर भुक्तानी म्याद नाघेको ३ महिनापछि प्राप्त व्याजको हकमा भने नगद प्राप्त भएको आधारमा आंकलन गर्ने गरिएको छ।

आ) **कमिशन आय आर्जन**

कमिशन आयलाइ नगद प्राप्त भएको आधारमा आम्दानी जनाइएको छ। तर जमानत पत्र बापत प्राप्त रु. १००,०००।- भन्दा माथिको कमिशन Accrual Basis मा गरिएको छ।

इ) **उपदान**

हाल बैंकका कुनै पनि कर्मचारीहरू उपदान प्राप्त गर्न योग्य भइनसकेकाले कोषको व्यवस्था गरिएको छैन।

ग) **विदेशी मुद्रा कारोवारको रुपान्तर**

अ) २०५८ आषाढ मसान्तमा लागू भएको खरिद तथा बिक्री दरको औसत मूल्यको आधारमा सबै बिदेशी मुद्रा सम्पत्ति तथा दायित्व नेपाली रुपैयाँमा रुपान्तरित गरी लेखाङ्न गरिएको छ।

आ) बिदेशी मुद्राको खरिद दर र बिक्री दरको भिन्नतावाट प्राप्त आयलाई नाफा नोक्सान हिसावमा बिदेशी मुद्रा कारोवार आय अन्तर्गत देखाइएको छ।

इ) बिदेशी मुद्राको सटही दरमा भएको घटबढको कारण प्राप्त हुन आएको पुनर्मूल्याङ्कन आयलाई "पुनर्मूल्याङ्कन आम्दानी/(नोक्सानी)" अन्तर्गत देखाइएको छ। त्यसरी प्राप्त हुन आएको पुनर्मूल्याङ्कन आय मध्ये २५ प्रतिशत रकमलाई सोझै बिदेशी मुद्रा घटबढ कोषमा रकमान्तर गरिएको छ।

घ) **सम्भाव्य नोक्सानीको लागि व्यवस्था**

सम्भावित जोखिमबाट बैंकको कर्जालाई सुरक्षित राख्न नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम आवश्यक रकमको व्यवस्था गरिएको छ।

ङ) **स्थिर सम्पत्ति ह्रासकट्टी तथा परिशोधन**

अ) स्थिर सम्पत्तिहरू ऐतिहासिक लागत अवधारणा (Historical Cost Convention) को आधारमा देखाइएको छ।

आ) स्थिर सम्पत्तिको ह्रासकट्टी आयकर नियमावली, २०३९ ले निर्दिष्ट गरेको घट्दो ह्रासकट्टी दर प्रणाली अनुसार गरिएको छ। त्यसअनुसार बैंकको सञ्चालन पूर्व खरिद गरिएका सम्पत्तिको ह्रासकट्टी बैशाख २०५८ देखि थालिएको छ भने त्यसपछि खरिद गरिएका सम्पत्तिको ह्रासकट्टी खरिद गरिएको अर्को महिनादेखि थालिएको छ।

इ) बैंकले आफ्नो सम्पत्तिको पूरा मूल्य पूँजीकृत गरेपछि मात्र ह्रासकट्टीको थालनी गर्ने नीति वनाएको छ।

इ) बैंकले आफ्नो कम्प्युटर प्रविधि (Software) संग सम्बन्धित खर्चहरु (जसलाई स्थिर सम्पत्तिमा समावेश गरिएको छ) लाई पूर्ण परीक्षण गरिसकेपछि पाँच बर्षको अवधिमा परिशोधन गर्ने नीति लिएको छ । सो अनुसार बैंकले खरिद गरेको Software को परीक्षण श्रावण २०५८ मा पूरा भएको हुँदा यस अवधिमा परिशोधन गरिएको छैन ।

उ) रु. १,०००।- भन्दा कम मूल्यमा खरिद गरिएका र/वा एक वर्षभन्दा कम समय टिक्ने सामानहरू खरिद गरिएको वर्षमा खर्च गरिएको छ ।

च) सरकारी सुरक्षण पत्रहरुमा गरिएको लगानीलाई लागत मूल्यमा लेखाङ्कन गरिएको छ ।

छ) **पूर्व सन्चालन खर्च**

अ) पूर्व सन्चालन खर्चहरू तथा लिजहोल्ड खर्चहरु पाँच बर्षको अवधि वा लिज अवधिमध्ये जुन छिटो हुन्छ सोही अवधि भित्र परिशोधन गर्ने गरिएको छ ।

आ) पूर्व सन्चालन खर्च रु. १७,४८६,९२९.६३ मा बैंकले आफ्नो व्यावसायिक कारोबार सञ्चालन गर्नुभन्दा अगाडि प्राप्त आम्दानी रु. ४,८६९,९७७।- समायोजन गरी देखाइएको छ ।

इ) पूर्व सन्चालन खर्चको कुल रकम मध्ये रु. १५,०३१,७०५।- को समर्थित कागजात उपलब्ध छैन, जसलाई बैंक स्थापनाको लागि तीन जना शेयरधनीहरुबाट भएको खर्चको रुपमा सञ्चालक समितिको मिति २०५७।३।२४ तथा २०५७।११।२२ को बैठकद्वारा अनुमोदन गरी शेयर माग रकममा समायोजन गरिएको छ ।

२. **कर्मचारी आवास कोष**

बैंकको यस बर्ष खुद नोक्सानी भएको हुँदा कर्मचारी आवास कोषको व्यवस्था गरिएको छैन ।

३. **कर्पोरेट आयकर**

आयकर ऐन अनुसार छुट नपाइने खर्चहरू समायोजन गर्दा समेत खुद नोक्सानी हुन आएको हुँदा कर्पोरेट आयकरको व्यवस्था गरिएको छैन ।

४. **कर्मचारी बोनस**

बैंकको यस बर्ष खुद नोक्सानी भएको हुँदा कर्मचारी बोनसको व्यवस्था गरिएको छैन ।

५. **शेयर पूँजी**

बैंक सञ्चालक समितिको निर्णयानुसार राष्ट्र बैंक तथा कम्पनी रजिष्ट्रारको कार्यालयको पूर्व स्वीकृति लिई भुक्तानी हुन नसकेको शेयरहरू विभिन्न ११७ जना नयाँ शेयरधनीहरुलाई हस्तान्तरण गरिएको छ ।

६. **सञ्चालकहरुको हेरफेर**

मिति २०५८ साल आषाढ महिना सम्ममा सञ्चालक समितिका चार जना सञ्चालकहरुले आफ्नो पदबाट राजीनामा दिनुभएको तथा रिक्त स्थानमा अन्य चार जना नयाँ सञ्चालकहरू नियुक्ति हुनुभएको छ । उक्त नियुक्तिलाई वाणिज्य बैंक ऐनको दफा ५ को उपदफा ६ बमोजिम शेयरहोल्डरहरुको बैठकबाट अनुमोदन गर्न बाँकी छ ।

७. बैंकको कुनै सञ्चालक जमानी वा मैनेजिङ एजेन्ट वा शेयरहोल्डर भएको फर्म, कम्पनी वा नातेदारहरुसँग कुनै किसिमको उल्लेख्य खरिद बिक्री गरिएको वा सम्झौता गरिएको छैन ।

८. बैंकसँग सम्बन्धित एउटा मुद्दा हाल न्यायालयमा विचाराधिन अवस्थामा रहेको छ । जसबाट बैंकको कानूनी सल्लाहकारको राय अनुसार बैंकलाई कुनै उल्लेख्य आर्थिक भार पर्ने देखिँदैन ।

९. रु. १ करोड १८ लाख ६५ हजार बराबरको पूँजीगत सामान खरिदको लागि सम्झौता भए बमोजिम रु. ८६ लाख ५३ हजार भुक्तानी गरिसकिएको छ जसमध्ये रु. ५५ लाख ४ हजारको सामानलाई निर्माणाधिन सम्पत्ति अन्तर्गत देखाइएको छ भने बाँकी रु. ३१ लाख ४८ हजारलाई अन्य सम्पत्ति अन्तर्गत देखाइएको छ ।

१०. अङ्कहरुलाई निकटतम रुपैयाँमा देखाइएको छ ।

कुमारी बैंक लिमिटेड
नगद प्रवाह विवरण
३१ आषाढ २०५८ (१५ जुलाई २००१)

विवरण	रकम रु.	
१. **बैंक सञ्चालनबाट नगद प्रवाह** (क+ख)		४७,४०९,८६८
(क) **सञ्चालन नाफाबाट नगद प्रवाह**	**१,७६७,५७४**	
नाफा नोक्सान हिसाब	(२,९३५,६४७)	
ह्रास कट्टी	५३४,७८०	
परिशोधन	१,३५३,५३२	
सम्भावित नोक्सानीको लागि व्यवस्था	२,६५७,३३५	
सटही घटबढ कोष (प्रत्यक्ष पर सारेको)	१५७,५७४	
(ख) **बैंक सञ्चालनबाट नगद प्रवाह**	**४५,६४२,२९४**	
निक्षेपमा भएको खुद वृद्धि	३१६,०९८,७२८	
भुक्तानी दिनु पर्ने बिल तथा अन्य दायित्वमा भएको वृद्धि	२,७०८,७५५	
कर्जा तथा सापटीमा भएको खुद वृद्धि	(२६५,७३३,५२७)	
अन्य सम्पत्तिमा भएको खुद वृद्धि	(७,४३१,६६२)	
२. **लगानीमा भएको नगद प्रवाह**		(२२४,८९९,२०१)
स्थिर सम्पत्तिको खरिद	(३५,१६३,७९७)	
निर्माणाधीन सम्पत्ति	(५,८५६,०७८)	
लगानी/मागेको बखत प्राप्त हुने रकममा भएको वृद्धि/(कमी)	(१५९,७५६,९८०)	
पूर्व सञ्चालन र लिजहोल्ड खर्चहरु	(२४,१२२,३४६)	
३. **वित्त कारोबारमा भएको नगद प्रवाह**		३५०,०००,०००
शेयर पूंजी निष्काशन	३५०,०००,०००	
४. **खुद नगद प्रवाह** (१+२+३)		१७२,८१०,६६७
५. **शुरु नगद मौज्दात**		–
६. **अन्तिम नगद मौज्दात** (४+५)		१७२,८१०,६६७
निम्न मौज्दातबाट समर्थित		
नगद मौज्दात	१९,०६८,४९६	
बैंक मौज्दात	–	
- नेपाल राष्ट्र बैंकमा मौज्दात	८६,०७९,८३९	
- अन्य बैंकहरुमा मौज्दात	६७,६६२,३३२	

व्यवस्थापन समूह

श्री सुरेन्द्र भण्डारी
प्रमुख कार्यकारी अधिकृत

श्री सुमन जोशी
सहायक महा-प्रबन्धक

श्री गेहनाथ ढुङ्गाना
प्रबन्धक - सञ्चालन

श्री भास्कर रिमाल
प्रबन्धक - कर्जा

श्री टीकाराम चापागाई
प्रबन्धक - आन्तरिक नियन्त्रण